अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७९।११।२३ गते।

प्रेस विज्ञप्ति

विषयः अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी, सार्वजनिक सम्पत्ति हानिनोक्सानी, राजस्व हिनामिना र गलत लिखत सम्बन्धी गरी ४(चार) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।११।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

देहायः

क्र सं.	प्रतिवादी	मुद्दा	आयोगको मागदाबी	विशेष अदालतको फैसला र आधार	सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधार
१	दिनेश अर्यालसमेत (वि.अ. को मु.नं. ०७६-CR-०१७३, वि.अ. को फैसला मिति २०७९।३।२०)	गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार	**सि.डि.इ. दिनेश अर्याल, लेखा अधिकृत जीवनाथ पोखेल, इञ्जिनीयर राजकुमार यादव र इञ्जिनियर सञ्जीवकुमार साह उपर** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३), दफा ११ र दफा १७ वमोजिमको कसूरमा विगो रू. १९,५०,४४०।०० (अक्षरूपी उन्नाईसलाख पचासहजार चारसय चालीस) कायम गरी सोही ऐनको दफा ८(३), दफा ११ तथा दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३(१) र दफा ३(१)(च) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो रू. १९,५०,४४०।०० (अक्षरूपी उन्नाईसलाख पचासहजार चारसय चालीस) असुलउपर हुन। **भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि., नयाँबजार काठमाडौंको सञ्चालक सुरेशलाल श्रेष्ठ र गोपाल श्रेष्ठ तथा सोही कम्पनीका अख्तियारनामा प्राप्त मोहनप्रसाद यादव** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र दफा ११ वमोजिमको कसूरमा विगो रू. १९,५०,४४०।००	**फैसला** प्रतिवादीहरूमध्ये दिनेश अर्याल, जीवनाथ पोखरेल, सञ्जीवकुमार साह, मोहनप्रसाद यादवलाई ऐ ऐनको दफा ११ बमोजिमको कसूर ठहर गरी दफा ८(३) र दफा १७ को कसूर ठहर नगरी तथा प्रतिवादीहरू गोपाल श्रेष्ठ, सुरेशलाल श्रेष्ठ र राजकुमार यादवलाई सफाइ दिनेगरी तथा दावी बमोजिम बिगो कायम नगरी तथा प्रतिवादीहरू गोपाल श्रेष्ठ, सुरेशलाल श्रेष्ठ र राजकुमार यादवलाई सफाइ दिनेगरी तथा दावीबमोजिम बिगो कायम नगरी फैसला भएको छ। **आधार** प्रतिवादीहरू दिनेश अर्याल, जीवनाथ पोखरेल, सञ्जीवकुमार साह र मोहनप्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र दफा १७ बमोजिमको कसूर किन ठहर नहुने तथा बिगो के हुने भन्ने सम्बन्धमा केही उल्लेख नगरी फैसला भएको छ भने प्रतिवादीहरूमध्ये गोपाल श्रेष्ठ, सुरेशलाल श्रेष्ठको ठेक्का नं.०९९/०७१-०७२ को बोलपत्र पेश दाखेल गर्ने तथा मूल्याङ्कन गर्ने कार्यमा संलग्नता रहेको देखिन नआएको, प्रतिवादी राजकुमार यादवलाई मूल्याङ्कन समितिको सदस्य तोकिए पनि बोलपत्र मूल्याङ्कन गर्ने समिति बैठकमा उपस्थित नरहेको।	क. सर्वप्रथम अदालतले प्रतिवादीहरू दिनेश अर्याल, जीवनाथ पोखरेल, सञ्जीवकुमार साह र मोहनप्रसाद यादवलाई बोलपत्र सच्च्याएको भनी ठहर गरिसकेपछि दफा ११ बमोजिमको कसूरको बिगो रकमका बारेमा उल्लेख नगरी गरिएको फैसला त्रुटिपूर्ण छ। प्रतिवादीहरू वारदातमा संलग्न भइसकेको भनी फैसला गर्ने अदालतले कम मूल्यमा ठेक्का सकार गर्दाको अवस्थामा नेपाल सरकारलाई हानिनोक्सानी भइरहेकोमा नेपाल सरकारलाई हानि नोक्सानी भएको उक्त बिगो आधार प्रमाणसहित स्पष्टरूपमा खुलाएको र सो रकमको सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३(१) र दफा ३(१)(च) बमोजिम सजाय हुन र ऐ ऐनको दफा १७ बमोजिम बिगो रु १९,५०,४४०।– (अक्षरेपी उन्नाईसलाख पचासहजार चारसय चालीस) असुलउपर हुन मागदाबी लिइएकोमा सो मागदाबी किन के कुन कारणले ठहर नहुने हो भन्ने व्यहोरा नै नखुलाई केवल "निजहरूउपरको अन्य आरोपदाबी पुग्न सक्दैन" भन्ने उल्लेख गरी उक्त कसूरको सजाय तथा बिगो असुलउपर नगरी गरिएको फैसला बदरभागी छ। ख. डिभिजन सडक कार्यालय, जनकपुरका तत्कालीन सि.डि.इ. दिनेश अर्याल संयोजक, लेखा अधिकृत जीवनाथ पोखेल सचिव र इञ्जिनियरद्वय राजकुमार यादव र सञ्जीवकुमार साह सदस्य रहेको मूल्याङ्कन समितिले ठेक्का नं. DROJKR/337157-4/071-72/099 को मूल्याङ्कन गरेको, मूल्याङ्कनका क्रममा भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि., नयाँबजार काठमाडौंले उक्त ठेक्कामा पेश गरेको Bidding Document को Bill of Quantity (BOQ) को Item No. २.३ र २.६ को दररेटको अङ्क र अक्षर दुवैमा केरमेट गरी सच्च्याएको देखिएको, उल्लिखित Bidding Document सच्च्याउनुअघिको रू. २,५४,३३,९४५।- (भ्याटबाहेक) र सच्च्याएपश्चात्को रू. २,७३,८४,३४५।८७ (भ्याटबाहेक) रहेको देखिन्छ। भैरव कन्स्ट्रक्सन कं.प्रा.लि., नयाँबजार काठमाडौंको Bidding Document को Bill of Quantity (BOQ) को Item No. २.३ र २.६ सच्च्याएपश्चात्को रकम रू. २,७३,८४,३४५।८७ (भ्याटबाहेक) हुन गएको र सोही ठेक्कामा दोश्रो कम कबोल गर्ने जोशी-शिद्धगडी, जेभी काठमाडौंको कबोल रू. २,८२,३४,७१७।८५ (भ्याटबाहेक) रहेको देखिन्छ। डिभिजन सडक कार्यालय, जनकपुरका तत्कालीन सि.डि.इ. दिनेश अर्याल संयोजक रहेको मूल्याङ्कन समितिले भैरव कन्स्ट्रक्सन कम्पनीको BOQ को Item No. २.३ र २.६ को दररेटको अङ्क र अक्षर दुवैमा केरमेट गरी सच्च्याएपश्चात्को रकम मूल्याङ्कन गरी मिति २०७२/४/२९ मा रु २,७३,८४,३४५।८७ मा भ्याट रकम थप गरी रू. ३,०९,४४,३१०।८३ मा सम्झौता गरेको पाइन्छ। उक्त ठेक्कामा भैरव कन्स्ट्रक्सनले पेश गरेको Bidding Document को Item no. २.३ र २.६ को दररेट अङ्क र अक्षरमा केरमेट गरी सच्च्याएको समेतका BoQ को पेजहरू पछाडि बोलपत्र खोल्दा उपस्थित प्रतिनिधिहरूको हस्ताक्षर रहेको देखिएको छ। सो हस्ताक्षरहरू च.नं. १८७, मिति २०७५/०६/१७ को डिभिजन सडक कार्यालय, जनकपुरको पत्रसाथ प्राप्त सोही ठेक्का खोल्दाका मुचुल्कामा रहेको निर्माण व्यवसायीका प्रतिनिधिसमेतको हस्ताक्षरसँग भिडान गर्दा हुबहु मिल्नुपर्नेमा कुनै पनि हस्ताक्षर मिलेको समेत नदेखिएको अवस्था छ। उल्लिखित ठेक्काको लागि बोलपत्रदाताहरू प्रत्येकले बोलपत्र पेश गर्दा Bidding Document को Original copy र Duplicate copy पेश गरेकोमा बोलपत्र खोल्दा Bidding Document को Original copies मात्र खोलिएको तथा Duplicate copies लाहाछाप लगाई सिल नतोडी राखिएको, सो Bidding Document को Original copy र Duplicate copy डिभिजन सडक कार्यालय, जनकपुरमा सुरक्षित हुनुपर्नेमा भैरव कन्स्ट्रक्सन बाहेकका अन्य बोलपत्रदाताहरूले पेश गरेको Bidding Document को Original copy (बोलपत्र खोल्ने दिन खोलिएको) र Duplicate copy (लाहाछाप लगाई सिल नतोडी राखिएको) कार्यालयमा सुरक्षित रहेको तर भैरव कन्स्ट्रक्सनले पेश गरेको Bidding Document को Duplicate copy बोलपत्रमा उल्लिखित शर्त (Bidding Document को SECTION II Bid Data Sheet को ITB 20.1: *In addition to the original of the bid, the number of copy/ies is/are:One)* बमोजिम लाहाछाप लगाई सिल नतोडी राख्नुपर्नेमा सो Duplicate copy नै कार्यालयमा नरहेको भन्ने सम्बन्धित कार्यालयको पत्रबाट नै देखिएको अवस्था छ। ठेक्का खोल्दाको दररेटसहितको मुचुल्कासमेत कार्यालयमा नरहेको साथै उक्त ठेक्का खोल्दाको मुचुल्कामा विभिन्न कार्यालयहरूको प्रतिनिधिहरूको हस्ताक्षर रहेकोमा हस्ताक्षर गर्ने व्यक्ति, कम्पनी वा कार्यालयसहितको व्यक्तिको नाम र ठेगाना पहिचान एकीन गर्न नसकेको भनी च.नं. ११७, मिति २०७६।५।१५

			(अक्षरूपी उन्नाइसलाख पचासहजार चारसय चालीस) कायम गरी निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ८(४) र दफा ११ बमोजिम सजाय हुन र सोही ऐनको दफा ८(४) बमोजिम बिगो रू.१९,५०,४४०।०० (अक्षरूपी उन्नाइसलाख पचासहजार चारसय चालीस) असुलउपर गरी जफत हुन।		को सडक डिभिजन, जनकपुरको पत्रबाट खुलेकोसमेतका आधार प्रमाणहरूबाट सडक डिभिजन जनकपुरका तत्कालीन कार्यालय प्रमुख दिनेश अर्यालसमेतले भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि., नयाँबजार काठमाडौंसँग मिलेमतो गरी भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि., नयाँबजार काठमाडौंले पेश गरेको बोलपत्रको BOQ को Item No. २.३ र २.६ को दररेट अङ्क र अक्षर व्यहोरा पछि सच्च्याएको तथ्य स्पष्टरूपमा प्रमाणित भएको अवस्था छ। त्यसरी नसच्च्याएको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९(४)(ज) र (ञ) समेत बमोजिम कैफियत खुलाउनुपर्नेमा सो केही नगरेकोबाट समेत सच्च्याएको कुरा स्पष्टरूपमा पुष्टि हुन्छ। यसरी बोलपत्रदाताले साविकमा कबोल गरेको जम्मा Bid रू. २,५४,३३,९४५।-(भ्याटबाहेक) मा रू. १९,५०,४४०।- थप गरी रू. २,७३,८४,३८५।- (भ्याटबाहेक) बनाई नेपाल सरकारलाई हानि नोक्सानी पु-याउने बदनियतले सम्झौता गरी निर्माण कार्य सम्पन्न गरेको र सो बापत रू. ३,०८,१४,०३६।९८ (भ्याटसहित) भुक्तानीसमेत गरिसकेको उक्त बोलपत्रदाताले कबोल गरेको अङ्क रु २,५४,३३,९४५।– र पछि बोलपत्र सच्च्याई हुन आएको रु २,७३,८४,३८५।– का बीचमा हुन आउने फरक रु १९,५०,४४०।– बिगो कायम नगरी भएको फैसला त्रुटिपूर्ण छ। ग. उक्त ठेक्का प्राप्त गरी फाइदा लिने प्रतिवादीहरू गोपाल श्रेष्ठ, सुरेशलाल श्रेष्ठको मूल्याङ्कनमा सहभागिता नभए पनि निजहरूबाट सञ्चालित ठेक्काबाट प्राप्त हुने लाभ निजहरूले नै उपभोग गर्ने अवस्थामा जो उक्त Bid Document सच्च्याएवापत फाइदा पुग्ने व्यक्ति हुन् भन्नेमा कुनै द्विविधा नरहेको र निज प्रतिवादीहरूको अन्य कसूर ठहर भएका प्रतिवादीहरूसँगको मिलेमतो, सरसल्लाहबिना उक्त काम गर्नुपर्ने कारण नै नरहेको भन्ने सामान्य समझ भएको मानिस (A prudence person) लेसमेत थाहा जानकारी हुने सक्ने अवस्थामा यी प्रतिवादीहरू गोपाल श्रेष्ठ, सुरेशलाल श्रेष्ठलाई सफाइ दिई भएको फैसला त्रुटिपूर्ण रहेको छ। साथै ठेक्काका सम्बन्धमा टेण्डर मूल्याङ्कनका लागि कार्यालयबाट खटाई कामकाज गर्नुपर्ने भनी उल्लेख भएका इञ्जिनीयर राजकुमार यादव रहेको अवस्थामा निजहरूलाई सफाइ दिई गरिएको फैसला बदरभागी छ।
२	दीपिका रेग्मीसमेत (वि.अ. को मु.नं. ०७६-CR-०२३६, वि.अ. को फैसला मिति २०७९।५।२७)	सरकारी रकम हानिनोक्सानी गरी भ्रष्टाचार गरेको	**क) <u>दीपिका रेग्मीको हकमा</u>** बिगो रू.४,२४,१३,६११।४५ (चारकरोड चौबीसलाख तेह्रहजार छसय एघार पैंतालीस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ऐ. दफा ३(१)(झ) वमोजिम सजायँ गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी गरेको रकम रू.४,२४,१३,६११।४५ (चारकरोड चौबीसलाख तेह्रहजार छसय एघार पैंतालीस पैसा) असुलउपर हुनसमेत।	**<u>फैसला</u>** प्रतिवादीहरूमध्ये दीपिका रेग्मीलाई आठ वर्ष कैद र रू तीनकरोड बयानब्बेलाख चौवालीसहजार सातसय सत्चालीस र रमेशराज बिष्टलाई चार वर्ष कैद र एकतीसलाख अठसट्टीहजार आठसय चौसट्ठी जरिवाना र अन्य प्रतिवादीहरूलाई सफाई दिने गरी फैसला भएको छ। **<u>आधार</u>** **<u>क. प्रेमहरि ढुङ्गेल</u>** ▪ अनुसन्धान र अदालतमा निज प्रतिवादीले कसूरमा इन्कारी बयान गरेको। ▪ कृषि विकास बैंङ्कको छानबिन टोलीले समेत दोषी नदेखाएको ▪ कार्यालय प्रमुख प्रेमहरि ढुङ्गेलले पदीय जिम्मेवारी निपुणरूपमा वहन नगरेकोले विभागीय कारवाहीका लागि सिफारिस भएको। ▪ निजले हिनामिना गरी आफन्त वा	क. दीपिका रेग्मी, प्रेमहरी ढुङ्गेल, गोपाल गिरी, महेश्वर मरहट्टा, सलिल रेग्मी, तारानाथ पाण्डे, रमेशराज बिष्ट र प्रकाश घतानीसमेतले आपसमा सरसल्लाह, सहमति र मिलेमतो गरी कृषि विकास बैङ्क, बैंकिङ मुख्य शाखा कार्यालय, न्यूरोडबाट अनधिकृतरूपमा रकम निकाली आफूहरूले लिने र खाईमास्ने उद्देश्यले बैङ्कलाई गैरकानूनी हानि नोक्सानी गर्ने गराउने योजना बनाई प्रतिवादीहरू दीपिका रेग्मी, प्रेमहरी ढुङ्गेल, गोपाल गिरी, महेश्वर मरहट्टा, सलिल रेग्मी, तारानाथ पाण्डे, रमेशराज बिष्ट र प्रकाश घतानीले कृषि विकास बैङ्कमा रहेको रकम झिक्ने र राख्ने कार्यमा विभिन्न प्रकृयाहरू मिलाउने र निकालिएको उक्त रकम भाग लगाई हिस्सा लिनेखाने, लाभ प्राप्त गर्नेसमेतको कार्य गरी बैङ्कमा विभिन्न व्यक्तिहरूको नाममा प्राप्त Account Payee Cheque हरू ECC का माध्यमबाट सम्वन्धित व्यक्तिहरूको खातामा जम्मा गरी सोही चेकहरूमा भएको विवरणहरू सच्च्याई गलत प्रतिवेदन पठाई एकपटक प्रयोग भई सकेको चेक पुनः प्रयोग गरी दीपिका रेग्मीले Authorize का लागि गोपाल गिरी, महेश्वर मरहट्टा, सलिल रेग्मी, तारानाथ पाण्डेसमक्ष पेश गरेकोमा निजहरूले पुनः प्रयोग गरेको चेक नहेरी सच्च्याइएको कागजातहरू मात्रैका आधारमा उक्त चेक सदर गरेको देखिएवाट यी सबै व्यक्तिहरूको मिलेमतोमा राष्ट्र बैङ्कको निर्देशिका विपरीत चेक क्लियरिङको काम गरी प्राप्त रकम भागबण्डा गरी कृषि बिकास बैङ्कलाई रू.४,२४,१३,६११।४५ (चारकरोड चौबीसलाख तेह्रहजार छसय एघार पैंतालीस पैसा) हानि नोक्सानी गरेको देखिन्छ। ख. निज प्रतिवादी दीपिका रेग्मी २०७२ सालदेखि कृषि विकास बैंङ्क, मुख्य शाखा कार्यालय, न्यूरोडमा टेलर सहायकको हैसियतमा कार्यरत रहँदा निजको मुख्य जिम्मेवारी ECC शाखा र मुद्दती शाखामा काम गर्ने गरी कार्य विभाजन गरिएकोमा निजले सोही कार्य विभाजनको गलत फाइदा उठाई बैंकिङ प्रणाली विपरीतका कार्यहरू गरी एउटा AC Payee चेक दुईपटक पोष्टिङ गरी बैंङ्कलाई हानि नोक्सानी गरेको देखिएको; अनुसन्धानको क्रममा बयान गर्दा निज दीपिका रेग्मीले आफूले अनियमित भएको रकममध्ये १०% लिएको र ९०% प्रेमहरी ढुङ्गेल, महेश्वर मरहट्टा, गोपाल गिरीले लिएको भनेको; ECC कारोवार गर्दा नेपाल राष्ट्र बैंङ्कबाट जारी Electronic Cheque Clearing Operating Rule, June 2011 अनुसार गर्नुपर्नेमा सोअनुसार नगरी अनधिकृतरूपमा बदनियतपूर्वक बैंङ्कको रू.४,२४,१३,६११।४५ हानि नोक्सानी गरेको, निजले OBC (Outward Banking Cheque) र IBC (Inward Banking Cheque) को कारोवार गर्दा

			ख) प्रेमहरी ढुङ्गेलको हकमा बिगो रू.४,२४,१३,६११।४५ (चारकरोड चौबीसलाख तेह्रहजार छसय एघार पैंतालीस पैसा) कायम गरी निज आरोपी प्रेमहरी ढुङ्गेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ऐ. दफा ३(१)(झ) वमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी गरेको रकम रू.४,२४,१३,६११।४५ (चारकरोड चौबीसलाख तेह्रहजार छसय एघार पैंतालीस पैसा) निज आरोपी प्रेमहरी ढुङ्गेलवाट असुलउपर हुनसमेत। **ग)गोपाल गिरीको हकमा** बिगो रू.२,६१,१९,४१५।- (दुईकरोड एकसट्टीलाख उन्नाईसहजार चारसय पन्ध्र) कायम गरी निज गोपाल गिरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ऐ. दफा ३(१)(झ) वमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी गरेको रकम रू.२,६१,१९,४१५।- (दुईकरोड एकसट्टीलाख उन्नाईसहजार चारसय पन्ध्र)	गठमेलका व्यक्तिको खातामा रकम जम्मा गरेको नदेखिएको। यिनको संलग्नता तथा वदनियतका सम्बन्धमा वादी पक्षले स्पष्ट नखुलाएको। सहप्रतिवादी दीपिका रेग्मीको पोल बयानकै आधारमामात्र निजलाई दोषी ठहर्याउन नसकिने। **ख. गोपाल गिरी** ▪ अनुसन्धान र अदालतमा निज प्रतिवादीले कसूरमा इन्कारी बयान गरेको। ▪ निजले हिनामिना गरी आफन्त वा गठमेलका व्यक्तिको खातामा रकम जम्मा गरेको नदेखिएको। यिनको संलग्नता तथा वदनियतका सम्बन्धमा वादी पक्षले स्पष्ट नखुलाएको। सहप्रतिवादी दीपिका रेग्मीको पोल बयानकै आधारमामात्र निजलाई दोषी ठहर्याउन नसकिने। **ग. सलिल रेग्मी, महेश्वर मरहट्टा र तारानाथ पाण्डे** ▪ अनुसन्धान र अदालतमा निज प्रतिवादीहरूले कसूरमा इन्कारी बयान गरेको। ▪ निजले हिनामिना गरी आफन्त वा गठमेलका व्यक्तिको खातामा रकम जम्मा गरेको नदेखिएको। यिनको संलग्नता तथा वदनियतका सम्बन्धमा वादी पक्षले स्पष्ट नखुलाएको। सहप्रतिवादी दीपिका रेग्मीको पोल बयानकै आधारमामात्र निजहरूलाई दोषी ठहर्याउन नसकिने। ▪ कृषि विकास बैङ्कको छानबिन टोलीले विभागीय कारवाहीसम्मका लागि सिफारिस गरेको। **घ. रमेशराज बिष्ट** ▪ निजको खातामा अनधिकृतरूपमा जम्मा भएको रू ४,५१,८६४ र २७,२०,००० गरी जम्मा रू	शाखा सञ्चालन कार्यविधि, २०६७ को दफा १५.१ बमोजिम गरी बैङ्कलाई प्राप्त चेक सोही कार्यविधिको अनुसूची १६.१ बमोजिम रेकर्ड राख्नुपर्नेमा सोअनुसार रेकर्ड नराखी आफूले गरेको अनियमित कार्य ढाकछोप गर्ने प्रयास गरेको देखिन्छ। सो कार्यमा अन्य प्रतिवादीहरू जसको पदीय कर्तव्य नै प्रतिवादी दीपिका रेग्मीले गरेको कार्यको सुपरिवेक्षण अनुगमन र रोकथाम गर्नुपर्नेमा मिलेमतो गरी हानि नोक्सानी गरेको देखिन्छ। ा. त्यसैगरी दुर्गा ज्वेलर्सको खातामा रकम जम्मा गर्दा पशुपति ज्वेलर्सबाट जारी रू. ४७,२१,०००।- को चेक देखाई चेक जम्मा भौचरमा दुर्गा ज्वेलर्सको खाता नं. थप गरी नभएको कारोवार भएको भनी बदनियतपूर्वक बैङ्कलाई हानि नोक्सानी गरेको र पछि उक्त कारोवार ढाकछोप गर्न दुर्गा ज्वेलर्सबाट रू.४७,५०,०००।- को चेक माग गरी लिएको देखिन्छ। ि. प्रतिवादीमध्येकी दीपिका रेग्मी र अन्य प्रतिवादीहरूसमेतको मिलेमतोमा अनधिकृत तथा गैरकानूनीरूपले बैङ्कबाट रकम निकाली निज प्रतिवादी दीपिका रेग्मी एवम् अन्य सहप्रतिवादी रमेशराज विष्ट, प्रकाश घतानीसमेतको खातामा रकम जम्मा गरी झिकी बैङ्कको सम्पत्ति सामूहिकरूपमा हिनामिना हानि नोक्सानी गरेको अवस्था छ। उक्त वारदातका सिलसिलामा अनधिकृत तथा गैर कानूनीरूपमा झिकिएको बैङ्कको सम्पूर्ण रकमकै आधारमा एकमुष्ट विगो कायम गरी सजाय हुनुपर्नेमा बिगो फोडी सोही विगोको आधारमा जरिवानातर्फको सजायसमेत गरी घटी बिगो ठहर गरी भएको फैसला सो हदसम्म प्रथमदृष्टिमै त्रुटीपूर्ण छ। ी. प्रतिवादीमध्येकी दीपिका रेग्मीले बैङ्कको ECC कारोवार सञ्चालन गर्दा बैङ्कको प्रचलित नीति, नियम, कार्यविधि तथा परिपत्र विपरीत बदनियत राखी आफ्नो नाबालक छोरा र आमा पुष्पा पन्त रेग्मी र अन्य सह-प्रतिवादी रमेशराज विष्ट, प्रकाश घतानीसमेतको बैङ्क खातामा रकम जम्मा गरी गराई बैङ्कलाई हानि नोक्सानी पुर्याउने कार्यमा मुख्य भुमिका निर्वाह गरेकी र उक्त अनधिकृत तवरबाट अन्य व्यक्तिको खातामा रकम जम्मा गर्दा ECC (Electronic cheque Clearing) को Authorize प्रक्रियामा जोडिएका र सो गलत कार्य भए नभएको सुपरिवेक्षण, अनुगमन गर्ने र भए गरेको भए रोक्ने जिम्मेवारीमा कार्यरत मुख्य शाखा प्रबन्धक प्रेमहरि ढुङ्गेल, कर्जा प्रमुख गोपाल गिरी कर्जा तथा बैङ्क जमानी प्रमुख महेश्वर मरहट्टा र सलिल रेग्मीलाई निज प्रतिवादी दीपिका रेग्मीले रकमसमेत दिई प्रभावमा पारी उक्त अनधिकृत कारोवारको सिलसिलामा कृषि विकास बैङ्कको रकम हानि नोक्सानी पुर्याउने कार्य भएको र सोही हानि नोक्सानी पुर्याउने कार्यमा संलग्न भएको आधारमा बिगो कायम गरी प्रतिवादीहरूविरुद्ध अभियोजन भएकोमा प्रतिवादीहरूमध्येकी दीपिका रेग्मी र रमेशराज विष्टलाई कसूर ठहर गरी फैसला भएको र सो फैसलामा समेत घटी बिगो कायम गरी सोही बिगोको आधारमा घटी बिगो कायम गरी सोही बिगोको आधारमा सजाय ठहर गरेको फैसला त्रुटिपूर्ण छ। ी. प्रतिवादी महेश्वर मरहट्टा, गोपाल गिरी, तारानाथ पाण्डे र सलिल रेग्मीसमेतले मनी ट्रान्सफरका नाममा काटेका चेकका रकमहरू एवम् पर्शुराम थारू, डा. देवीकला भण्डारी र नरेश डङ्गोलको व्यक्तिगत नामका A/c Payee चेकबाट जम्मा हुन आएका रकमलाई प्रतिवादी दीपिकाको खातामा कारोवार स्वीकृति (Authorize) गरेकोसमेत देखिँदा निजहरूसमेतको संलग्नतामा बैङ्कको उक्त रकम हिनामिना भएको पुष्टि भैरहेको अवस्थामा निज प्रतिवादीहरूको उल्लिखित कार्यबाट प्रतिवादीमध्येका दीपिका रेग्मीको खातामा रकम जम्मा गरे गराएको पुष्टि भइरहेकोमा निजहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। छ. प्रतिवादी दीपिका रेग्मीले विभिन्न व्यक्ति र बैङ्कका नाममा जारी एकाउण्टपेयी चेकहरू क्लियरेन्स CBS (Core Banking System) मार्फत सम्बन्धित खातावालाको खाता क्रेडिट गरी कृषि विकास बैङ्कको १२८०८ हिसाव डेविट गरी सम्बन्धित खातामा रकम जम्मा गरिसकेपछि चेक क्लियरेन्स गर्दाको सोही चेक नं. हरू तथा सोही ECC सेसन नं. हरू अनधिकृत रूपमा प्रयोग गरेर बैङ्कको रकम झिकी आफ्नो, छोरा प्रतीक्षित रेग्मी, आमासमेतका आफन्तको नाममा जम्मा गरी रू. ४,४२,७३,६११।४५ विगो बराबर कृषि विकास बैङ्कलाई हानि नोक्सानी पुर्याउने कार्य गरेको तथा प्रतिवादीहरू प्रेमहरि ढुङ्गेल, गोपाल गिरी. महेश्वर मरहट्टा, सलिल रेग्मी, तारानाथ पाण्डेले प्रतिवादी दीपिका रेग्मीले गरेको बैङ्किङ प्रणाली विपरीतका कार्यहरू जाँच नै नगरी बैङ्कलाई हानि नोक्सानी पुर्याउने र आफूलाई फाइदा पुग्ने कार्य गरेको पुष्टि भैरहेको अवस्थामा प्रतिवादी दीपिका रेग्मी, रमेशराज विष्टलाई कम विगो कायम गरी सजाय गरेको तथा अन्य प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।

			निज आरोपी गोपाल गिरीबाट असुलउपर हुनसमेत। घ) **सलिल रेग्मीको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू.१,१०,३३,१९६।४५ (एककरोड दशलाख तेत्तीसहजार एकसय छयानब्बे) कायम गरी निज सलिल रेग्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ऐ. दफा ३ (१)(झ) बमोजिम सजायँ गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी गरेको रकम रू.१,१०,३३,१९६।४५ (एककरोड दशलाख तेत्तीसहजार एकसय छयानब्बे) निज आरोपी सलिल रेग्मीवाट असुलउपर हुनसमेत। ङ. **महेश्वर मरहट्टाको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू.६७,२१,०००।- (सतसट्टीलाख एक्काईसहजार) कायम गरी निज महेश्वर मरहट्टालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ऐ. दफा ३(१)(ज) बमोजिम	३१,६८,८६४।– कायम भई प्रतिवादीउपरको बिगो रू ४२,४१३,६११।४५ उपरको दावी नपुग्ने। ङ. **प्रकाश घतानी** ▪ अनुसन्धान र अदालतमा निज प्रतिवादीले कसूरमा इन्कारी बयान गरेको। ▪ प्रतिवादी दीपिका रेग्मीले प्रकाश घतानीउपर पोल बयान नगरेको। प्रकाश घतानीले सुन बेचेवापतको रूपमा रकम प्राप्त गरेको देखिएकोले निजसमेतको मिलेमतोमा कृषि विकास बैंङ्कको रकम हिनामिना गरेको दावी नपुग्ने। च. **दीपिका रेग्मी** सहप्रतिवादी रमेशराज विष्टउपर पनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार ठहरी दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसूर ठहर भई निजबाट बिगो रु ३१,६८,८६४।– हिनामिना गरेको ठहरी सकेकोले उक्त बिगो रु ३१,६८,८६४।– कटाई रु ३,९२,४४,७४७।– ठहर हुने।	ञ. प्रतिवादी दीपिका रेग्मीले अनुसन्धानको सिलसिलामा वयान गर्दा बैङ्कवाट अनधिकृत तथा गैरकानुनीरूपमा निकालिएको रकममध्येबाट सह-प्रतिवादी प्रेमहरि ढुङ्गेल, गोपाल गिरी र महेश्वर मरहट्ठासमेतले भाग हिस्सा लिए खाएको भन्ने खुलाएको देखिन आउँछ। निज प्रतिवादीले अदालतसमक्ष वयान गर्दासमेत अवैधरूपमा बैंङ्कबाट निकालिएको उक्त रकममध्ये पटकपटक गरी अन्य सहप्रतिवादी प्रेमहरि ढुङ्गेलसमेतले बुझी लिएको भनी पोल गरेको देखिँदा उक्त बैकिङ प्रक्रियामा जोडिएका अन्य सहप्रतिवादीहरूसमेत तल उल्लेख भएबमोजिम उक्त वारदातमा संलग्न भइरहेको पुष्टि भइरहेको छ। १. **प्रेमहरी ढुङ्गेल** दीपिका रेग्मीले अनुसन्धानको बयानमा कृषि विकास बैंङ्कको मुख्य शाखा कार्यालय न्यूरोडको अन्तरशाखा कारोबार हिसाब Clearing को रकम Pending भएको विषयमा अनियमितता भएको र सो अनियमिततामा आफ्नोसमेत संलग्नता रहेको ठीक साँचो हो; मलगायत उक्त अनियमिततामा न्यूरोड शाखा प्रबन्धक प्रेमहरी ढुङ्गेल, शाखा प्रबन्धक गोपाल गिरी, शाखा प्रबन्धक महेश्वर मरहट्ठासमेतको संलग्नता रहेको छ। मिति २०७३।३।३० गते काम विशेषले म कार्यालय पुग्न ढिलो हुने कुरा कार्यालय प्रमुख प्रेमहरी ढुङ्गेल सरलाई गर्थें, निजले ECC (Electronic Cheque Clearing) बाट Core Banking मा Posting गर्ने काम धेरै बाँकी रहेको र असार मसान्त समेत भएकोले काम छिटो सक्नुपर्छ भनी मेरो User ID र Password माग्नु भयो र मैले पनि User ID र Password उपलब्ध गराएँ। म कार्यालय गएपछि मलाई प्रेमहरी सरले लकरको चार्ज काट्ने काम दिनु भयो मैले चार्ज काट्ने काम सकेपछि सबै Transaction सकेपछि अन्तिममा User Transaction list निकाल्नुपर्छ भन्नुभयो। User Transaction भनेको दिनभरिको कामको Report हेर्ने हो। त्यसपछि मैले मेरो छोराको खातामा मैले Deposit नगरेको तर उसको खातामा ५,००,०००।-(अनुमानित रकम) जम्मा भएको र त्यो Transaction को जानकारी मैले मेरो हाकिम प्रेमहरी ढुङ्गेललाई दिएको, किनभने त्यो Transaction को Inputter म भए पनि मेरो नामबाट मेरो हाकिमले चलाएका थिए। त्यस Transaction को जानकारी दिएपछि Review गर्नुपर्छ सर किन भने यो त म Mistake भएछ भनेकोमा उहाँले त्यसपछि अनकन गरेर हुन्छ त भन्नु भयो। तर उहाँहरूको गलत नियत पनि उहाँको कुरोबाट झल्कियो, त्यसपछि प्रेमहरी ढुङ्गेल सरले म सबै मिलाउँछु तपाई Tension नलिनुहोस् बरू तपाईलाईपनि फाइदा नै छ भन्नु भयो तर मैले सुरूमै मानिनँ मलाई डर लाग्यो किनभने प्रत्येक Transaction को Head Office मा देखिन्छ र मलाई अपठ्यारो पर्छ, तर उहाँले मैले सबै मिलाई हाल्छु, तपाईलाई कुनै पनि किसिमको अपठ्यारो पर्दैन भन्नु भयो। त्यसपछि सबै रकमको उहाँहरूले ९०% लिनु हुन्थ्यो भने मलाई १०% दिनु हुन्थ्यो सुरूमै मेरो खाता Use गरेको भएर पछिसम्म पनि मेरो नै खाता Use भयो, उहाँहरूले १००% तिरेर तपाईलाई अप्ठ्यारो नपर्ने गरी भनी सुरूको Transaction भएपछि रकम उहाँहरूले नै चुक्ता गर्नु भएको थियो। Head Office बाट पनि मलाई केही पनि भनिएन। न त Pending, न त हिसाब बिग्रियो, त्यही भएर मैले उनीहरूले तिर्छन्, भनेर ढुक्क भएँ तर मेरो खातामा रकम मेरो Inputter बाट **कहिले प्रेमहरी त कहिले महेश्वरले गर्ने गर्थ्यो**, मैले पैसा निकाल्ने मात्र हो तर मेरो खातामा पैसा हाल्ने मैले गर्दैन थिएँ। उनीहरूले मलाई विशेष गरेर प्रेमहरीले Report निकालि दिन्थ्यो। कुनै पनि कार्यालयमा मेनेजरको सहयोग विना एउटा सानो कर्मचारीको केही लाग्दैन भनी दीपिका रेग्मीले अनुसन्धानको क्रममा उल्लेख गरेको देखिन्छ। प्रतिवादी दीपिका रेग्मीले अदालतमा बयान गर्दा आफ्नो पासवर्ड प्रेमहरि ढुङ्गेल र सलील रेग्मीलाईसमेत दिने गरेको; चेक र भौचर ट्याली गरी प्रेमहरि ढुङ्गेल, गोपाल गिरी, महेश्वर मरहट्टा, तारानाथ पाण्डे र सलील रेग्मीकोमा पेश गरेको र निजहरूले ECC शाखाबाट भएको चेक कारोबारको रूजु गर्ने गरेका र निजहरूको मौकाको बयान केवल आफूलाई फसाउनेमात्र रहेको र आफूले हानि नोक्सानी नगरेको भनी इन्कारी बयान गरे पनि निजले सहप्रतिवादीहरू प्रेमहरि ढुङ्गेल, गोपाल गिरी, महेश्वर मरहट्टा, तारानाथ पाण्डे र सलील रेग्मीसमेत उक्त वारदातमा संलग्न रहेको स्पष्टरूपमा लेखाएकी छिन्। यी आरोपी प्रेमहरी ढुङ्गेल कृषि विकास बैंङ्क न्यूरोड शाखाका शाखा प्रबन्धक रहेकोमा आफ्नो बैंङ्कमा भएका चेक Clearing का पेण्डिङ आइटमको समयमै खोजबिन नगरी दीपिका रेग्मीले गरेको गलत कार्य ढाकछोप गर्न निजलाई छ महिनाभन्दा लामो समय बिदा छाडेको, प्रबन्धक प्रेमहरी ढुङ्गेललाई मौखिक ताकेता गरेको र तत्कालीन प्रबन्धक स्वयम्ले सो

			सजायँ गरी सोही ऐनको दफा १७ बमोजिम हानि नोक्सानी गरेको रकम रू.६७,२१,०००।- (सतसट्टीलाख एक्काईसहजार) निज आरोपी महेश्वर मरहट्टावाट असुलउपर हुनसमेत। च. **<u>तारानाथ पाण्डेको हकमा</u>** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू.४००,०००।- (चार लाख) कायम गरी निज तारानाथ पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ऐ. दफा ३(१)(घ) वमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम हानि नोक्सानी गरेको रकम रू.४००,०००।- (चारलाख) निज आरोपी तारानाथ पाण्डेबाट असुलउपर हुनसमेत। छ. **<u>रमेशराज बिष्टको हकमा</u>** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार हुने कार्य कसुरमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम बिगो रू.४,२४,१३,६११।४५ (चारकरोड चौबीसलाख तेह्रहजार छसय एघार		कार्यालयको भिडान कार्यमा संलग्न रही *परियोजनामा* कागजातसहित उपस्थित हुने गरेको भए तापनि ECC सम्बन्धी पेण्डिङको कागजात उपलब्ध गराउन नसकेको भनी आन्तरीक हिसाव भिडानका कर्मचारीहरूले अनुसन्धानका क्रममा गरेको वयानको व्यहोरा रहेकोले निज प्रेमहरी ढुङ्गेलले आफूले निरीक्षण, सुपरिबेक्षण गर्नुपर्ने कार्यमा चासो नदिई दीपिका रेग्मीले गरेको अनियमिततामा आफूसमेत संलग्न रही उक्त रकम बाँडिचुँडी खाईमासी बैंङ्कलाई हानि नोक्सानी गरेको स्पष्टरूपमा देखिइरहेको पाइन्छ। प्रतिवादीमध्येका प्रेमहरि ढुङ्गेललाई अनधिकृतरूपमा झिकेको रकममध्ये रू.५६,९५,५००।- दिएको भनी प्रतिवादी दीपिका रेग्मीले मौकामा बयान गर्दा खुलाएकी छिन्। यसरी निजको बयानअनुसार पनि उक्त वारदातमा प्रतिवादी प्रेमहरि ढुङ्गेलको संलग्नता देखिएको छ। प्रतिवादी प्रेमहरि ढुङ्गेलले अदालतको बयानको जवाफ १८ मा Authorization बाहेकको सबै काम दीपिका रेग्मीले गरेको स्वीकार गरेकै छन्। यसरी हेर्दा ultimate जिम्मेवारीमा रहेका यी कार्यालय प्रमुख तथा authorizer ले कुनै उत्तरदायित्व वहन गर्नुनपर्ने गरी गरेको बयान विश्वसनीय देखिन्न। २. **<u>गोपाल गिरी</u>** कृषि विकास बैंङ्क, मुख्य शाखा कार्यालय, न्यूरोडमा ऋण शाखा प्रमूखको हैसियत र ECC को Authorize गर्ने काममा कार्यरत रहेको र सो शाखामा कार्यरत रहँदा ECC शाखावाट भएको चेकको कारोवार रूजु तथा जाँच गरी कारोवार ठीक/दुरूस्त भएमात्रै Authorize गर्नु पर्नेमा निज प्रतिवादी गोपाल गिरीले दीपिका रेग्मीले गरेको भ्रष्टाचारजन्य कार्यहरूमा मिलेमतो गरी अनधिकृत चेकहरूका सम्बन्धमा आवश्यक कागजातहरू नहेरी/नजाँची Authorize गरेको पाइन्छ। यी कर्मचारीले बैंङ्कको रकम हानी नोक्सानी पुर्याई उक्त रकम मिलेमतोमा खाइमासेको तथ्य दीपिका रेग्मीले गरेको मौकाको बयानमा स्पष्टरूपमा पोल गरेकोसमेत देखिँदा निज आरोपी गोपाल गिरीसमेत उक्त वारदातमा संलग्न भइरहेको देखिन्छ। Authorize गर्ने कार्यमा सङ्गठनले छुट्टै कर्मचारीको व्यवस्था गर्नुको औचित्य तल्ला तहका कर्मचारीले ठम्याउन नसकेको गल्ती/Error सच्च्याउन नै माथिल्ला तहका कर्मचारीको नियुक्ति गरिएको हुने सामान्य तथ्यउपर पनि विचार नगरी अदालतले सफाइ दिएको त्रुटिपूर्ण छ। यी प्रतिवादीहरूले कारोबार Authorize गर्दा पेश भएको चेकसमेत अन्य कागजातहरूसँग भिडाएर हेर्नुपर्नेमा सोअनुसार नगरी प्रतिवादी दीपिका रेग्मीको भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको देखिन्छ। अदालतको बयानमा निजले authorize गर्ने समयमा दीपिका रेग्मीले चेक नल्याउने र विश्वासको आधारमा काम गरेको भनी बयान गरे पनि निजले आफ्नो उत्तरदायित्व पूरा गर्नुपर्नेमा नगरेको स्पष्ट देखिइरहेको छ। ३. **<u>सलिल रेग्मी</u>** कृषि विकास बैंङ्क, मुख्य शाखा कार्यालय, न्यूरोडमा ऋण अधिकृतको हैसियतसहित कार्यरत रहँदा ECC शाखावाट भएको चेकको कारोवार रूजु तथा जाँच गरी कारोवार ठीक/दुरूस्त भएमात्रै Authorize गर्नुपर्नेमा दीपिका रेग्मीले गरेको भ्रष्टाचारजन्य कार्यहरू निज प्रतिवादी सलिल रेग्मीले प्रोत्साहन गर्ने गरी अनधिकृत चेकहरू आवश्यक कागजातहरू नहेरी/नजाँची Authorize गरी ११ वटा चेकवाट अनियमितता गरेको देखिएको पाइन्छ। बैंङ्कको रकम हानी नोक्सानी पुर्याई उक्त रकम मिलेमतोमा खाइमासेको तथ्य दीपिका रेग्मीले गरेको मौकाको बयानमा स्पष्टरूपमा पोल गरेकोसमेत देखिँदा निज आरोपी सलिल रेग्मीसमेत उक्त वारदातमा संलग्न भइरहेको देखिन्छ। Authorize गर्ने कार्यमा सङ्गठनले छुट्टै कर्मचारीको व्यवस्था गर्नुको औचित्य तल्ला तहका कर्मचारीले ठम्याउन नसकेको गल्ती/Error सच्च्याउन नै माथिल्ला तहका कर्मचारीको नियुक्ति गरिएको हुने सामान्य तथ्यउपर पनि विचार नगरी अदालतले सफाइ दिएको त्रुटिपूर्ण छ। आफूलाई झुक्क्याएर प्रतिवादी दीपिका रेग्मीले authorize गरेको भनी अदालतको बयानमा उल्लेख गरे पनि आफ्नो उत्तरदायित्वबाट निज प्रतिवादी पन्छिन मिल्ने होइन। ४. **<u>महेश्वर मरहट्टा</u>** ऋण शाखा प्रमूखको जिम्मेवारीसहित ECC को Authorize गर्ने काममा कार्यरत रहँदा ECC शाखावाट भएको चेकको कारोवार रूजु तथा जाँच गरी कारोवार ठीक/दुरूस्त भएमात्रै Authorize गर्नुपर्नेमा निज प्रतिवादी महेश्वर मरहट्टाले

			रूपैयाँ पैंतालीस पैसा) कायम गरी मुख्य आरोपी दीपिका रेग्मीलाई भएसरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ऐ. दफा ३(१)(झ) बमोजिम सजाय हुन। ज. **<u>प्रकाश घतानीको हकमा</u>** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार हुने कार्य कसुर गरेकोमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम हानि नोक्सानीको बिगो रू.२,६७,७५,४३५।- (दुईकरोड सत्सट्टीलाख पचहत्तरहजार चारसय पैंतीस) कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ऐ. दफा ३(१)(झ) वमोजिम सजाय हुन।		दीपिका रेग्मीले गरेको भ्रष्टाचारजन्य कार्यहरू प्रोत्साहन गर्ने गरी अनधिकृत चेकहरूका सम्बन्धमा आवश्यक कागजातहरू नहेरी/नजाँची Authorize गरी मिसिल संलग्न बैंङ्कवाट प्राप्त विवरण अनुसार २ वटा चेकको रकम दुरूपयोग गरी बैंङ्कलाई हानि नोक्सानी पुर्याई उक्त रकम मिलेमतोमा खाईमासेको तथ्य सह-अभियुक्त दीपिका रेग्मीको मौकाको बयानमा स्पष्टरूपमा पोल गरेको पाइएको छ। चेक Authorize गर्ने उपल्लो दर्जाका कर्मचारी निज रहेकोमा आफ्नो जिम्मेवारी वहन नगरी सबै दोष तल्लो तहको कर्मचारीमाथि थुपार्नु भनेको सजायबाट उम्कन खोज्नुमात्र देखिन्छ। Authorize गर्ने कार्यमा सङ्गठनले छुट्टै कर्मचारीको व्यवस्था गर्नुको औचित्य तल्ला तहका कर्मचारीले ठम्याउन नसकेको गल्ती/Error सच्च्याउन नै माथिल्ला तहका कर्मचारीको नियुक्ति गरिएको हुने सामान्य तथ्यउपर पनि विचार नगरी अदालतले सफाइ दिएको त्रुटिपूर्ण छ। आफूलाई झुक्क्याएर प्रतिवादी दीपिका रेग्मीले authorize गरेको भनी अदालतको बयानमा उल्लेख गरे पनि आफ्नो उत्तरदायित्वबाट निज प्रतिवादी पन्छिन मिल्ने होइन। **<u>५. तारानाथ पाण्डे</u>** कर्जा शाखाको जिम्मेवारीसहित ECC को Authorize गर्ने कर्मचारी नभएको अवस्थामा ECC को Authorize गर्ने गरेको, सो शाखामा कार्यरत रहँदा ECC शाखावाट भएको चेकको कारोवार रूजु तथा जाँच गरी कारोवार ठीक/दुरूस्त भएमात्रै Authorize गर्नुपर्नेमा निज प्रतिवादीले दीपिका रेग्मीले गरेको भ्रष्टाचारजन्य कार्यहरूलाई प्रोत्साहन गर्ने गरी अनधिकृत चेकहरूका सम्बन्धमा आवश्यक कागजातहरू नहेरी/नजाँची Authorize गरी मिसिल संलग्न बैंङ्कवाट प्राप्त विवरण अनुसार १ वटा चेकको रकम दुरूपयोग गरी बैंङ्कलाई हानि नोक्सानी पुर्याई उक्त रकम मिलेमतोमा खाइमासेको पुष्टि भइरहेको छ। Authorize गर्ने कार्यमा सङ्गठनले छुट्टै कर्मचारीको व्यवस्था गर्नुको औचित्य तल्ला तहका कर्मचारीले ठम्याउन नसकेको गल्ती/Error सच्च्याउन नै माथिल्ला तहका कर्मचारीको नियुक्ति गरिएको हुने सामान्य तथ्यउपर पनि विचार नगरी अदालतले सफाइ दिएको त्रुटिपूर्ण छ। अदालतमा बयान गर्दा झुक्क्याएर दीपिका रेग्मीले authorize गराएको भने पनि निजले आफ्नो उत्तरदायित्वबाट पन्छिन नमिल्ने नै हुन्छ। **<u>६. प्रकाश घतानी</u>** सुनको गरगहना बनाई बिक्री गर्ने उद्देश्यले दुर्गा ज्वेलर्स नामको सुनचाँदी पसल सञ्चालन गरेको, निजको सुनचाँदी पसलबाट प्रतिवादी दीपिका रेग्मीले बैंङ्कलाई हानि नोक्सानी गरेको रकमवाट ठूलो परिमाणमा सुन चाँदीका गरगहनाहरू खरिद गर्ने गरेको, दीपिका रेग्मी कृषि विकास बैंङ्कको एक सामान्य कर्मचारी हुन् भन्ने जानकारी हुँदाहुँदै निजले गलत कुराको जानकारी सम्वन्धित निकायलाई नदिएको, दीपिका रेग्मीले प्रकाश घतानीको खातामा रू. १,०७,२१,०००।- जम्मा गरेको रकम लुकाउन सहयोग गरेको, सोमध्ये रू. २७,१७,०००।- प्रतिवादी रमेशराज बिष्टको खातामा जम्मा गरेको देखिएको, दीपिका रेग्मी र रमेशराज बिष्टको संयुक्त लकरवाट बरामद गरगहना आफ्नै पसलवाट खरिद भएको भनी सनाखत गरिदिएको, निजले दीपिका रेग्मीको नाममा रू.२,६७,७५,४३५।- बराबरको सुनचाँदीका गरगहनाहरू बिक्री गरेको भनी बिल पेश गरेको, ठूलो परिमाणमा दीपिका रेग्मीलाई सुनचाँदीका गरगहनाहरू उधारो दिने गरेको भनी झुट्टा वयान गरेको पाइन्छ। यी प्रतिवादीले प्रतिवादी दीपिका रेग्मीसँगको मिलेमतोमा बिना कारोबारको दीपिका रेग्मीले पठाएको अवैध रकम रू ४७,२१,०००।– को चेक स्वीकारी आफ्नो खातामा जम्मा गर्न अनुमति दिने, उक्त अवैध रकम अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सहयोग गर्ने, खाली चेक दीपिका रेग्मीलाई उपलब्ध गराउने, नहराएको चेक हराएको भनी बैंङ्कमा निवेदन दिनेलगायतका कार्यबाट आरोपित कसूरमा यी प्रतिवादीको पनि संलग्नता रहेको देखिन्छ। **<u>७. रमेशराज बिष्ट</u>** निजले दीपिका रेग्मीसँगको मिलेमतोमा दीपिका रेग्मीसँगै कृषि विकास बैंङ्क, न्यूरोड शाखामा संयुक्त लकर खोली आफ्नो बहुमूल्य सुन, चाँदीका गरगहनाहरू, बिदेशी नोटहरू राखेको, एस.बि.आई. बैंङ्कमा खाता खोल्ने क्रममा निजले भरेको KYC फर्ममा ईच्छाएको व्यक्तिको महलमा दीपिका रेग्मी र नाता सम्वन्धमा श्रीमति भनि उल्लेख गरेको, EZ- TRIP PVT.LTD. वाट दीपिका रेग्मीसँगै बिभिन्न देशहरूको भ्रमण गर्न जाँदा दीपिका रेग्मीले बैंङ्कको अनियमितता गरेको रकमवाट खरिद गरेको लाखौं रूपैयाँको टिकट लगायतका खर्चहरूमा निजसमेत सहभागी भएको, लकरमा भएको सुन, चाँदीका गरगहनाहरू रमेशराज बिष्टको पनि हो भनि दीपिका रेग्मीले वयानका क्रममा लेखिदिएको, दीपिका रेग्मी र

					रमेशराज बिष्टको संयुक्त नाममा रहेको लकरबाट केन्द्रीय अनुसन्धान ब्यूरोले गरेको खानतलासी/बरामदी मुचुल्कामा करोडौं रूपैयाँ बराबरको सुन, चाँदीका गरगहनाहरू, बिदेशी नोटहरू फेला परेबाट निज दीपिका रेग्मीलाई गैरकानूनीरूपमा कृषि विकास बैंङ्कको रकम हिनामिना गर्न प्रोत्साहन/सहयोग गरी उक्त रकम लिएखाएको देखिन्छ। उल्लिखित विवेचित तथ्यहरूबाट प्रतिवादी दीपिका रेग्मी र प्रतिवादी रमेशराज बिष्टको आपसी सल्लाह, मिलेमतोबाट नै उल्लिखित रकम रु ४,४२,७३,६११।४५ गैरकानूनीरूपमा निकाली, आफन्तको खातामा राखी बैङ्कको रकम हानि नोक्सानी गरी भ्रष्टाचारजन्य कसूर गरेकोमा प्रतिवादी रमेशराज बिष्टलाई निजको खातामा अनधिकृतरूपमा जम्मा हुन आएको आधार लिई बिगो रु ३१,६८,८६४।– मात्र भ्रष्टाचारजन्य कसूर गरेको भनी भएको फैसला त्रुटिपूर्ण एवम् बदरयोग्य रहेको छ। **<u>८.</u> दीपिका रेग्मी** प्रतिवादी दीपिका रेग्मीले विभिन्न व्यक्ति र बैङ्कका नाममा जारी एकाउण्टपेयी चेकहरू क्लियरेन्स CBS (Core Banking System) मार्फत सम्बन्धित खातावालाको खाता क्रेडिट गरी कृषि विकास बैंङ्कको १२८०८ हिसाव डेविट गरी सम्बन्धित खातामा रकम जम्मा गरिसकेपछि चेक क्लियरेन्स गर्दाको सोही चेक नं. हरू तथा सोही ECC सेसन नं. हरू अनधिकृतरूपमा प्रयोग गरेर बैंङ्कको रकम झिकी आफ्नो, छोरा प्रतीक्षित रेग्मी, आमासमेतका आफन्तको नाममा जम्मा गरी कृषि विकास बैङ्कलाई हानि नोक्सानी पुर्याउने कार्य गरेको पुष्टि भइरहेकोमा निजलाई रु. ४,४२,७३,६११।४५ विगो कायम गरी फैसला गर्नुपर्नेमा बिगो घटाई गरिएको फैसला त्रुटिपूर्ण छ। क.
३	डोमा शेर्पा (वि.अ. को मु.नं. ०७६-CR-०३२१, वि.अ. को फैसला मिति २०७९।५।१६)	राजश्व हिनामिना	डोमा शेर्पाले सुन लुकाउन लगाई गैरकानूनीरूपमा राजश्व चुहावट गर्न मद्दत गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिमको कसूरमा बिगो रु. ७,०७,७००।- कायम गरी ऐ ऐनको दफा ७ मा उल्लेख भएबमोजिम ऐ ऐनको दफा ३(१) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना हुन मागदावी लिइएकोमा विशेष अदालतबाट निज प्रतिवादीले सफाइ पाउने ठहर भई फैसला भएको छ	**<u>फैसला</u>** सफाइ **<u>आधार</u>** क. निज प्रतिवादीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसूरको आरोपदावी भए पनि निज राजश्व उठाउनुपर्ने कर्तव्य वा जिम्मेवारी भएको व्यक्ति नरहेको। राजश्व चुहावट गर्ने कार्यमा निजले विदेशी नागरिकहरूबाट कुनै दस्तुर, इनाम वा लाभ प्राप्त गरेको नदेखिएको। निजले आरोपित कसूरमा इन्कार भई अदालतमा बयान गरेको। ख. चिनजानसमेत नभएका र भाषा पनि नबुझ्ने विदेशी नागरिकहरूलाई सुनको गहना फाल्न इशारा गरेको आरोपदावी पुष्टि नभएको। वादीले साङ्केतिक सम्वादको वैज्ञानिक परीक्षण नगरी उक्त सम्वादको अर्थ नखुलाई आरोपपत्र पेश गरेको। ग. बरामद सुनको गहना चोरी पैठारी गरेको भनी दुवै विदेशी नागरिकहरूउपर सुन चोरी पैठारी मुद्दामा सजाय गर्ने निर्णय भएको।	क. वारदात मिति र समयमा निज प्रतिवादी वारदातस्थलमा रहेको तथ्यमा विवाद रहेको छैन। उक्त तथ्य सिसिटिभी फुटेजबाट पनि पुष्टि भइरहेको छ। अनुसन्धानको क्रममा निज प्रतिवादीले विदेशी नागरिकहरूलाई सुन फाल्न इसारा गरेको स्वीकार गरेकै छिन्। अदालतमा बयान गर्दा त्रासमा पारी उक्त तथ्य लेख्न लगाएको भने पनि म्यादथपको क्रममा अदालतमा निजले आफूलाई दबाबमा पारेको उल्लेख नगर्नुले पनि निजको अदालतको बयान पत्यारलायक देखिन्न। ख. फैसलाको प्रकरण २९ मा उल्लेख गरिएजस्तो सुन चोरी पैठारी मुद्दामा विदेशी नागरिकहरूलाई सजाय भइसकेको र यी प्रतिवादीले इन्कारी बयान गरेको अवस्थामा यी प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार सजाय नै नहुने होइन। सुन चोरी पैठारी गर्ने कार्यमा संलग्न भएकैले निज प्रतिवादीलाई ऐ ऐनको दफा ७ बमोजिमको कसूर गरेको भनी दाबी लिइएको छ। फैसलाको प्रकरण २८ मा उल्लेख गरेअनुसार निज प्रतिवादी राजश्व उठाउनुपर्ने कर्तव्य नभएको कर्मचारी रहेकोले आरोपदाबी पुष्टि नभएको भनी गरिएको फैसला त्रुटिपूर्ण छ। कार्यालयको काम सामूहिकरूपमा गरिने तथा सामूहिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने हुन्छ। ग. २०७६।१।८ मा डोमा शेर्पाले अन्य कर्मचारी कोही नभएको मौका पारी विदेशी नागरिकहरूलाई निजहरूको साथमा रहेको सुन सोफा पछाडि फाल्न इसारा गरेको र उप-सचिव कर्ण तिमिल्सिनाको कार्यकक्षमा राष्ट्रिय अनसुन्धान विभागका अनुसन्धान अधिकृत शङ्करबहादुर कार्की खानतलासी गर्न आउँदा निज डोमा शेर्पाले विदेशी नागरीकहरूलाई हातले इसारा गरी सुन फाल्ने कार्य रोक्नू भनी सङ्केत गरेको CCTV फुटेजमा देखिएको; डोमा शेर्पाले कर्ण तिमिल्सिनाको कार्यकक्षको ढोकामा समय समयमा गई कोही आए नआएको हेरेको देखिएको र कोही नआएको अवस्थामा डोमा शेर्पाले विदेशी नागरिकहरूलाई सुन फाल्न साङ्केतिक संवाद गरेको CCTV फुटेजमा स्पष्ट देखिन्छ। डोमा शेर्पाले अनुसन्धानको क्रममा बयान गर्दा सुन फाल्न लगाएको स्वीकारै गरेको देखिएकोमा अदालतकै बयानको जवाफ ९ मा सुन छ भने निकाल्नू भनी इशारा गरेको भनी स्वीकार गरेकी छिन्। घ. प्रमुख भन्सार प्रशासक गजेन्द्रकुमार ठाकुरको बकपत्रको जवाफ ७ र ८ मा समेत डोमा शेर्पा र विदेशी नागरिकहरूबीच केही साङ्केतिक आदानप्रदान भएको स्पष्ट देखिएको भनी लेखाइदिएको; CCTV फुटेजमा कार्यालय सहयोगी डोमा शेर्पाले दुई जना विदेशी नागरीकहरूसँग साङ्केतिक संवाद गरी सुन फ्याँक्न इसारा गरेको स्पष्ट देखिन्छ भनी भन्सार अधिकृत केशराकुमारीजी खनालले गरेको मौकाको कागज बकपत्रको जवाफ ६ मार्फत उक्त व्यहोरा सही सत्य रहेको भनी सनाखतसमेत गरिदिएकोले प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बकपत्रहरू प्रमाणग्राह्य रही निज प्रतिवादीको उक्त वारदातमा संलग्नता रहेको पुष्टि भइरहेकै छ।

४	कृष्णकुमार नेपालसमेत (वि.अ. को मु.नं. ०७६-CR-०३१७, वि.अ. को फैसला मिति २०७९।४।२३)	गलत लिखत तयार गरी भ्रष्टाचार	**दधिराम गुरागाईं, मनोज घिमिरे, कृष्णकुमार नेपाल र रामप्रसाद भट्टराई**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजायँ र जरिवाना हुन; **राजेन्द्र धिमाल**को हकमा ऐ ऐनको दफा ९ को कसूरको मतियार हुने कसूर गरेकोले सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँशबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम जरिवाना र कैद सजाय हुन; **पुष्करप्रसाद पोखरेल**को हकमा दफा ८(४) बमोजिम जरिवाना र कैद सजाय हुन; **रत्नदेवी लिम्बु**को हकमा ऐ.ऐनको दफा ८(४) बमोजिमको कसुरमा ऐ ऐनको दफा ३(१)(घ) र ऐ. ऐनको दफा ८(४) को कसुरमा हुने जरिवाना र कैद सजायँ हुन; **गोविन्द कोइराला**का हकमा ऐ ऐनको दफा ८(४) को कसूरको मतियार हुने कसूर गरेकोले सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँशबमोजिम ऐ ऐनको दफा ८(४) बमोजिम जरिवाना र कैद सजाय हुन	**फैसला** **कृष्णकुमार नेपाल, रामप्रसाद भट्टराई, राजेन्द्र धिमाल र गोविन्द कोइराला**लाई सफाइ **<u>आधार</u>** क.रत्नदेवी लिम्बुले सहप्रतिवादीहरूलाई लागेको राजश्व बाहेक बाँकी रु १,८७,८२५।– घूस वापत दिएको दावी विपरीत निजले अदालतमा राजश्व बाहेक अन्य रकम नदिएको भनी बयान गरेको र उक्त रकम कसैको साथबाट बरामद पनि नभएकोले रत्नदेवी लिम्बुको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) बमोजिमको दावी नपुग्ने। ख.प्रतिवादी राजेन्द्र धिमाल अनुसन्धानमा तथा अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको; घरवाटो सिफारिस लिन जग्गाधनीको नाम वारेसनामा लिई जोसुकै पनि आउने कानुनी व्यवस्था भएको, मानिस सनाखत गराउनुपर्ने व्यवस्था कानूनमा नभएको; वडा कार्यालयलाई जग्गावाला मरेको थाहा नभएकोले पेश भएको बारेसनामाको आधारमा स्वायत्त शासन ऐनबमोजिम घरवाटो सिफारिस गरेको; घरबाटो सिफारिस गर्दा प्रतिवादी राजेन्द्र धिमालले रनदेवी लिम्बूसँग मिलेमतो गरेको वा लिनुखानु गरेको नदेखिएको, अन्य सहप्रतिवादीहरूसँग मिलेमतो गरेको वा लिनुखानु गरेको भन्ने पनि नदेखिएको। ग.प्रतिवादी कृष्णकुमार नेपाल अनुसन्धान तथा अदालतमा कसूरमा इन्कार रहेको; राजश्व लिने जिम्मेवारी तोकिएको र व्यक्तिको एकीन गरी सनाखत गराउनुपर्ने जिम्मेवारी निजमा नतोकिएको। घ.प्रतिवादी रामप्रसाद भट्टराईको हकमा पारितको लागि पेश हुने लिखतमा कागजपत्र रुजु गर्ने तथा सम्बन्धित पक्ष वा व्यक्तिसमेत बुझी सनाखत गराउने दायित्व र जिम्मेवारी प्रतिवादीलाई तोकिएको नदेखिँदा जग्गा लिनेदिने व्यक्ति	क. लिखत पारित गर्ने क्रममा मालपोत कार्यालयमा आफ्नो रोहवरमा जग्गा दिने र लिनेलाई औंठाछाप लगाउन लगाउनुपर्ने, सम्बन्धित व्यक्ति आफै उपस्थित भएका हुन्/हैनन् समेत एकीन गर्नुपर्नेमा सो कार्य नगरी मोठ फाँटका फाँटवाला खरिदार रामप्रसाद भट्टराई, रजिष्ट्रेशन फाँटवाला खरिदार कृष्णकुमार नेपाल, लिखत पारित गर्ने मालपोत अधिकृत दधिराम गुरागाईंले मृतक व्यक्तिको जग्गा मृत्यु भएपछि निज मृतकको औंठाछाप र दस्तखत गरेको भनी झुठा औंठाछाप लगाइएको लिखत पारित गरी हालैको वकसपत्र सदर गरेकोमा अदालतसमेत सहमत छ। जग्गा प्रशासन निर्देशिका, २०५८ को लिखत (रजिष्ट्रेशन) पारित दस्तुरसम्बन्धी कार्यविधिको दफा १२४ मा अचल सम्पत्ति हक हस्तान्तरण गर्दा पेश गर्नुपर्ने प्रमाणहरूका बारेमा उल्लेख गरिएका छन्। दफा १२६ मा लिखत पारित गर्ने कार्यविधिमा **टोकन दिने**- पारित गर्नुपर्ने लिखत कार्यालयमा पेश गरेपछि दफा १२२ बमोजिम खुलाउनुपर्ने व्यहोरा खुलाएको छ वा छैन हेरी नखुलाएको भए खुलाउन लगाई टोकन किताबमा दर्ता गरी टोकन दिनुपर्छ र टोकन दिने कार्य रजिष्ट्रेशन फाँटको ना.सु ले गर्ने र लिखतको जम्मा कित्ता, क्षेत्रफलमुनिबाट थपघट गर्न नपाउने गरी रातो मसीले लाईन तानी दिनुपर्छ; टोकन दिएपछि मोठ श्रेस्ता परिच्छेदको प्रकरणमा उल्लेख भएबमोजिम मोठ भिडाएपछि रोक्का भिडाउनुपर्छ भनी स्पष्ट उल्लेख गरिएको छ। प्रतिवादीमध्येका रामप्रसाद भट्टराई मोठ फाँटका खरिदार रहेको र निजले आफ्नो दायित्व निर्वाह नगरेको स्पष्ट हुँदाहुँदै सफाइ दिइएको पाइन्छ। ख. प्रतिवादी **कृष्णकुमार नेपाल र रामप्रसाद भट्टराई**को हकमा पारित लिखतमा २०७०/०७/१० मा मृत्यु भएकी रनमाया लिम्बुको झुठा औंठाछाप लगाइएको गलत लिखत तयार गरी जग्गा लिने/दिने यकिन सनाखत गर्नुपर्ने कानूनी प्रक्रिया (जग्गा प्रशासन निर्देशिका, २०५८) समेत पालन नगरी मृतक व्यक्तिको नामको जग्गा मिति २०७६/०८/२८ मा हालैको बकसपत्रको लिखत तयार गरी रू. ३१,४५,०००।- बराबरको जग्गा गैरकानुनी तरीकाले हक नपुग्ने रत्नदेवी लिम्बुलाई हक हस्तानान्तरण गरी गैरकानूनी लाभ पुर्याएकोमा निजकोसमेत संलग्नता रहेको देखिएको अवस्थामा निजलाई सफाइ दिने गरी गरिएको फैसला त्रुटिपूर्ण छ। प्रत्यर्थी प्रतिवादी कृष्णकुमार नेपाल र रामप्रसाद भट्टराईले आआफ्नो कानूनी दायित्व पूरा गर्ने क्रममा कमसेकम लिनेदिने दुवै पक्षको नागरिकता प्रमाणपत्रसमेत हेरी अन्य अंशियारहरू छन् छैनन्, बकसपत्र दिन मिल्ने हो होइन; दिने लिने व्यक्तिहरू वास्तवमै जग्गाधनी र जग्गाधनीकी छोरी हुन् होइनन् भन्ने कुरालाईमात्र ध्यानमा राखी सनाखत गराउने कार्य भएको भए प्रस्तुत वारदात घटित नै नहुनेमा प्रत्य। थी प्रतिवादी रत्नदेवी लिम्बुको प्रभाव प्रलोभनमा परी आफ्नो पदीय दायित्व पूरा नगरेको अवस्थामा निजहरूलाई सफाइ दिइएको फैसदा त्रुटिपूर्ण एवम् बदरयोग्य छ। ग. प्रतिवादी **राजेन्द्र धिमालको हकमा** जग्गाधनी स्वयम् उपस्थित नभई निजको नाममा घरबाटो सिफारिस निवेदन लिई मिति २०७०।०८।२४ मा धरान नगरपालिकाबाट घर बाटो सिफारिस गरेको र सोही सिफारिसको आधारमा मिति २०७०/०८/२८ मा मालपोत कार्यालय सुनसरीबाट र.न. ४५७४ "ख" को मृतक रनमाया लिम्बुको नाममा रहेको जग्गा गैरकानूनीरूपमा रत्नदेवी लिम्बुको नाममा हालैको बकसपत्रमार्फत हक हस्तानान्तरण भएको देखिएको अवस्थामा निजले हालैदेखिको बकसपत्रको लागि घरबाटो सिफारिस गरी गलत लिखत तयार गर्ने कार्यमा मतियारको भूमिका निर्वाह गरेको पुष्टि भइरहँदा पनि निजलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। घ. **प्रतिवादी रत्नदेवी लिम्बुको हकमा :** मृत्यु भइसकेको व्यक्ति रनमाया लिम्बुको नाममा रहेको जग्गा मृत्यु भए पछि गलत कागजात बनाई, झुठा औंठाछाप लगाइ पेश गरी लिखत पारित गराई गैरकानूनीरूपमा रु.३१,४५,०००।- (एकतिस लाख पैंतालिस हजार) बराबरको जग्गा आफ्नो नाममा कायम गराई गैरकानूनी लाभ लिएको र उक्त जग्गा आफ्नो नाममा कायम गर्न/गराउन रु.२,३५,०००/-(दुई लाख पैंतिस हजार) रकम मालपोत कार्यालय सुनसरीको परिसरमा बुझाएको भन्ने अनुसन्धानको क्रममा बयान गरेकोमा रु.४७,१७५/- मात्र राजश्व दाखिल रसिद देखिँदा बाँकी रु. १,८७,८२५/- गलत लिखत तयार गर्न घुस/रिसवत वापत दिएको पुष्टि भइरहेकोमा सफाइ दिने गरी भएको फैसला बदरभागी छ। ङ. **प्रतिवादी गोविन्द कोइरालाको हकमा :** मालपोत कार्यालय सुनसरीको र.नं. ४५७४"ख" मिति २०७०/०८/२८ को हालैको बकसपत्रको कीर्ते औंठाछाप र दस्तखतसमेत गरी पारित लिखतमा साक्षीको रूपमा बसी दस्तखत गर्ने महलमा रामधुनी नगरपालिका-५ बस्ने बर्ष ३३ को लेखापढी व्यबसायी गोविन्द कोइरालाले उक्त लिखतमा भएको

			मागदाबी लिइएकोमा दधिराम गुरागाइँ, मनोज घिमिरे, पुष्करप्रसाद पोखरेललाई आरोपपत्र मागदाबीबमोजिम र रत्नदेवी लिम्बुलाई दफा ८(४) बमोजिम कसूर ठहर गरिएको र ऐ ऐनको दफा ३(१)(घ) बमोजिमको दाबी नपुग्ने र अन्य प्रतिवादीहरू **कृष्णकुमार नेपाल, रामप्रसाद भट्टराई, राजेन्द्र धिमाल र गोविन्द कोइराला**लाई सफाइ।	यकिन गरी सनाखत गराउनुपर्ने कानूनी प्रक्रिया पूरा नगरेको भन्ने निजउपरको आरोप दावी मनासिव नदेखिने। ङ. प्रतिवादी गोविन्द कोइरालाका हकमा सहप्रतिवादी रत्नदेवीलाई गलत लिखत तयार गर्नमा यी प्रतिवादीले सहयोग पुर्याएको नदेखिएको तथा त्यस्तो गलत कार्य गर्ने निजको मनसाय पनि प्रमाणित नभएको; अन्य सहप्रतिवादीसँग निजको मिलेमतो तथा लिनुखानु गरी फाइदा लिएको तथ्य पनि वादी पक्षले बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न नसकेको।	दस्तखत आफ्नै रहेको र आफूले जग्गा दिने र लिने दुबैलाई नचिनेको बयानका क्रममा बताएको तथा साक्षीको महलमा अर्को व्यक्ति रोशन श्रेष्ठ निज गोविन्द कोइरालाको लेखापढी सेन्टरमा काम गर्ने बताइरहँदा निज रोशन श्रेष्ठको कुनै पनि विवरण उपलब्ध नगराउनु तथा आरोपित रत्नदेवी लिम्वुले समेत निजलाई नचिन्नुले सो रोशन श्रेष्ठको महलमा समेत कीर्ते दस्तखतसमेत गरी प्रतिवादी रत्नदेवी लिम्बुको प्रभाव तथा प्रलोभनमा परी झुठा लिखत पारित गर्ने काममा साक्षी बसी मतियारको काम गरेको पुष्टि भइरहेको अवस्थामा निजलाई समेत सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।